# जनआन्दोलन २०६२/०६३ मा तनहुँ जिल्लाका राजनीतिक दलहरूको भूमिका

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दशौं पत्रको
प्रयोजनार्थ राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण
क्याम्पस, पोखरामा प्रस्तुत

**शोधपत्र**

शोधकर्ता

**श्रीप्रसाद श्रेष्ठ**

रोल नं.: २२/२०६४

परीक्षा रोल नं. : ४८०३४४

त्रि.वि.दर्ता नं. : ६०४६७-९१

२०७१

जनआन्दोलन २०६२/०६३ मा तनहुँ जिल्लाका राजनीतिक दलहरूको भूमिका शोधकर्ता : श्रीप्रसाद श्रेष्ठ २०७१

# त्रिभुवन विश्वविद्यालय
# पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभाग
# पोखरा

## सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यक्रम अनुरूप दशौँ पत्रको प्रयोजनार्थ रोल नं. २२/०६४, परीक्षा सि.नं. ४८०३४४ का नियमित विद्यार्थी श्री श्रीप्रसाद श्रेष्ठले तयार पार्नुभएको "**जनआन्दोलन २०६२/०६३ मा तनहुँ जिल्लाका राजनीतिक दलहरूको भूमिका**" शीर्षकको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको हो । निकै मिहिनेत र परिश्रमबाट तयार पारिएको यो शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । यस शोधपत्रको उचित मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...............................................

शोध निर्देशक

भीमनाथ बराल

उप-प्राध्यापक, राजनीतिशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस,

पोखरा

**मिति :** २०७१/१२/२०

# त्रिभुवन विश्वविद्यालय
# पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभाग
# पोखरा

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र विषयको स्नाकोत्तर तह पाठ्यक्रम अनुरूप दोश्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि शोधकर्ता श्री श्रीप्रसाद श्रेष्ठ द्धारा "**जनआन्दोलन २०६२/२०६३ मा तनहुँ जिल्लाका राजनीतिक दलहरूको भूमिका**" शीर्षकमा तयार पारिएको शोधपत्रलाई उक्त तहको उपाधिको लागि उपयुक्त ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

| | | | |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | : सह-प्राध्यापक डा. श्री उमानाथ बराल | ..................... |
| २. | बाह्य परीक्षक | : प्रा. डा. श्री ज्ञान बहादुर कार्की | ....................... |
| ३. | शोध निर्देशक | : उप-प्राध्यापक श्री भीमनाथ बराल | ..................... |
| ४. | शोध संयोजक | : सह-प्राध्यापक श्री ठानबहादुर क्षेत्री | ..................... |
| ५. | शोध समिति सदस्यः | उप-प्राध्यापक श्री लालबहादुर कुँवर | ..................... |

**मिति :** २०७१/१२/३०

# शोधसार

"**जनआन्दोलन २०६२/०६३ मा तनहुँ जिल्लाका राजनीतिक दलहरूको भूमिका**" शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । यो शोधका समस्याहरू :

१. जनआन्दोलन, २०६२/०६३ को पृष्ठभूमि कसरी तयार भयो र तनहुँ जिल्लामा यसको स्थिति कस्तो रह्यो ?

२. उक्त जनआन्दोलनमा दलहरूको भूमिका कस्तो रह्यो र उनीहरूले आन्दोलनलाई कसरी सफल पारे ?

३. आन्दोलनमा जनताको सहभागीता कस्तो रह्यो ?

४. जनआन्दोलनबाट के-कस्ता उपलब्धिहरू प्राप्त भए र ती उपलब्धिका सम्बन्धमा आन्दोलनमा सहभागीहरूको धारणा कस्तो छ ?

साथै यो शोधका उद्देश्यहरू यस प्रकार रहेका छन् :

१. जनआन्दोलन २०६२/०६३ को पृष्ठभूमि र तनहुँ जिल्लामा यसको स्थिति बारे चर्चा गर्नु ।

२. जनआन्दोलनमा राजनीतिक दलहरूको भूमिकालाई विश्लेषण गर्नु ।

३. जन आन्दोलन र जन सहभागीताहरूको बारेमा उल्लेख गर्नु ।

४. जनआन्दोलनका उपलब्धिहरूको सिंहावलोकन गर्नु ।

५. जनआन्दोलनका उपलब्धिहरूका सम्बन्धमा सम्बद्ध पक्षहरूको अभीमत विश्लेषण गर्नु ।

यो शोधकार्यमा विवरणात्मक र वर्णनात्मक ढाँचामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरी अध्ययन गरिएको छ ।

नेपालको इतिहासमा, २००४ सालमा "जयतु संस्कृतम्" मार्फत सुरु भएको आन्दोलन, २००७ सालमा प्रजातन्त्र प्राप्तिसँग जोडिन पुग्यो । तत्कालीन राजा महेन्द्रले २०१७ पुष १ गते जन निर्वाचित प्रधानमन्त्री वि.पी. कोइरालाको सरकारलाई अपदस्थ गरेपछि पुनः प्रजातन्त्र प्राप्तिको लागि सङ्घर्षलाई उठान गर्न राजनीतिक दलहरू वाध्य भए । फलस्वरूप नेपाली काँग्रेसले २०१८ सालमा सशस्त्र विद्रोहको थालनी गऱ्यो भने झापाली क्रान्तिकारीहरू (कोअर्डिनेशन केन्द्र, माले) ले वर्ग सत्रु खतम पार्न "One area, one unit, one action" को नारासहित आन्दोलनलाई अघि बढायो । पाकिस्तानी नेता जुल्फिकर अलिभुट्टोलाई फाँसी दिएको वीरोधमा नेपालका विद्यार्थीहरूले आयोजना गरेको कार्यक्रममा सरकारी हस्तक्षेप हुँदा आन्दोलनले चर्को रूप लिन पुग्दा ०३५/०३६ को ऐतिहासिक विद्यार्थी आन्दोलनले पञ्चायत व्यवस्था वा बहुदलीय प्रजातन्त्रबीच जनमत सङ्ग्रह गर्ने । ०४६ सालमा पञ्चायती शासनविरुद्ध नेपाली काँग्रेस र संयुक्त वाममोर्चाको संयुक्त आव्हानमा ४९ दिन चलेको आन्दोलनले पञ्चायती व्यवस्थालाई सदाको लागि अन्त्य गरी संवैधानिक राजतन्त्र सहितको बहुदलीय प्रजातन्त्र स्थापित गरी नेपाली जनताले "नेपाल अधिराज्यको संविधान २०४७" प्राप्त गरे ।

संसदीय प्रजातान्त्रिक अभ्यास भइरहेकै अवस्थामा २०५२ साल फागुन १ गतेबाट नेकपा (माओवादी) ले दीर्घकालीन सशस्त्र सङ्घर्ष थालनी गर्‍यो । ०५८ जेष्ठ १९ गते राजा वीरेन्द्रको वंश नाश हुने गरी दरवार हत्याकाण्ड घट्यो । ज्ञानेन्द्र शाहले स्वघोषित राजा भई ०५९ माघ १९ गते सम्पूर्ण जनताका प्रजातान्त्रिक अधिकार अपहरण गरी निरङ्कुशता लादेपछि नेपालका राजनीतिक दलहरू प्रजातन्त्र पुनर्वहाली र प्रतिगमन विरुद्ध आन्दोलित हुन पुगे । यस क्रममा नेपालका सात राजनीतिक दल र नेकपा (माओवादी) बीच २०६२ मङ्सिर ७ गते १२ बुँदे समझदारीमा हस्ताक्षर भई निरङ्कुशताविरुद्ध सङ्घर्षलाई तेज गतिका साथ अघि बढाउने निष्कर्षमा पुगे । तद्अनुरूप २०६२ चैत्र २४ देखि ०६३ बैशाख ११ गते सम्म १९ दिन सञ्चालित जन आन्दोलनले शान्तिपूर्ण जनक्रान्तिको स्वरूप ग्रहण गरी लोकतन्त्रको स्थापनासँगै अन्त्य र पूर्ण २३८ बर्ष पुरानो राजसंस्थाको समेत अन्त्य भई नेपाल गणतन्त्रात्मक शासनमा प्रवेश गर्‍यो ।

तनहुँ जिल्लाका राजनीतिक दलहरूको जनआन्दोलनमा के कस्तो भूमिका रह्यो, आन्दोलन पछि प्राप्त उपलब्धि कस्तो रह्यो साथै उपलब्धिहरूलाई संस्थागत गर्ने बारे के समस्या रहेको छ भन्ने समस्याहरूमा शोधपत्र लक्षित रहेको छ । २०६२/०६३ को जन आन्दोलनको चर्चाको साथै तनहुँ जिल्लाका राजनीतिक दलहरूले खेलेको भूमिका खोजी गर्दै अपेक्षाकृत परिणाममा उनीहरूको धारणा र मूल्याङ्कन अन्वेषण गर्नु र राजनीतिक दल एवम् जनताको हितको लागि लोकतन्त्र र सङ्घीयतालाई कसरी संस्थागत गर्ने भन्ने बारे सम्वद्ध पक्षहरूको दृष्टिकोणको अध्ययन गर्नु यस शोधको उद्देश्य रहेको छ ।

२००४ सालको "जयतु संस्कृतम्" आन्दोलनमा तनहुँका श्रीभद्र शर्मा लगायतको सहभागीताले तनहुँको भूमिका २००७ को क्रान्ति, २०१५ सालको आम निर्वाचन, ०३६ को विद्यार्थी आन्दोलन, ०४६ को पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन र ०६२/०६३ को ऐतिहासिक जन आन्दोलनमा तनहुँवासी जनता, राजनीतिक दल र समुदायको भूमिका मोफसलमा रहेर पनि निर्णायक रह्यो । यो आन्दोलनले लोकतान्त्रिक गणतन्त्रको स्थापना, समावेशिता सङ्घीय, संविधान सभाको गठन, सङ्घीय राज्यको अवधारणा, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । उल्लेखित उपलब्धिहरूलाई राजनीतिक दलहरूको सहकार्य र एकताले लोकतान्त्रिक सङ्घीय जनतालाई जनआधिकारको सुनिश्चित गर्ने सङ्घिए लोकतान्त्रिक गणतन्त्रात्मक संविधान दिलाई देशलाई स्थायी, शान्ति र उन्नतिका लागि "सुखी नेपाली, संमृद्ध नेपाल" निर्माण अभियानमा लाग्नु पर्नेमा आन्दोलनमा सहभागी नेता, कार्यकर्ता र समाजसेवीहरूको धारणा पाइन्छ ।

# दुई शब्द

राजनीतिशास्त्र एक गहन र महत्वपूर्ण विषय हो । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषयको विद्यार्थी भई अध्ययन गरेपछि स्नातकोत्तर तहको पाठ्यक्रम अनुसार दोश्रो वर्षको दशौँ पत्रमा प्रस्तुत गर्नुपर्ने शोधपत्र विषयमा "**जनआन्दोलन २०६२/२०६३ मा तनहुँ जिल्लाका राजनीतिक दलहरूको भूमिका**" शीर्षक मैले रोजेँ र पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभागले उक्त शीर्षकको मेरो शोध प्रस्ताव स्वीकृत गऱ्यो । आफ्नो प्रयासमा कयौँ कमी कमजोरीका बाबजुद मैले इमान्दारीतापूर्वक प्राप्त प्राथमिक र द्धितीय सामग्रीहरूको अध्ययन र विश्लेषण पश्चात यो शोधपत्र तयार पारेको छु ।

राजा ज्ञानेन्द्रको चरम महत्वाकाङ्क्षा, राजनीतिक अस्थिरता, अशान्ति, द्वन्द्वका माझमा पीडित भएका कारण राजनीतिक दलहरूको आव्हानमा जनताहरू जागरुक भै आन्दोलनमा सहभागी भएका कारण संयुक्त जन आन्दोलन सफल भएको हो । यस आन्दोलनमा मुलुकका अन्य जिल्लाहरू जस्तै तनहुँ जिल्लाको पनि अग्रणी भूमिका रह्यो । जनआन्दोलनमा तनहुँ जिल्लामा अवस्था कस्तो थियो ? के कस्ता स्वरूपका घटना घटे र कसरी आन्दोलन सञ्चालन भयो ? जस्ता कतिपय विषयहरू राजनीतिशास्त्रको अध्ययन गर्नेहरूका लागि जिज्ञासाका विषयहरू हुन् । म यस शोधपत्रको प्रस्तुतकर्ता स्वयम् पनि आन्दोलनमा सहभागी भै देखेका र भोगेका कुरा देखि यो बृहत आन्दोलनका सहभागी दलहरू एवम् दलका नेताहरूबाट प्राप्त राय, सुझावहरू र उहाँहरूबाट प्राप्त विधान, मुखपत्र, लेख, रचनाहरू शोधको महत्वपूर्ण विषय वस्तु हुन पुगे । उहाँहरूसँगको अन्तर्वार्ता र उल्लेखित साधन स्रोतको उपलब्धताका माध्यमबाट सकेसम्म क्रमबद्ध रूपले शोधपत्र तयार गरेको छु । यस शोधपत्र राजनीतिशास्त्र सम्बन्धी चासो र जिज्ञासा राख्नेहरूका लागि थोरै मात्रामा भए पनि तनहुँको राजनीतिक गतिविधि र जनआन्दोलनको बारेमा सामान्य ज्ञान प्राप्त गर्न सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत शोधपत्र मेरो मात्र प्रयासबाट पूर्ण हुने थिएन । यो शीर्षकमा मेरो शोध प्रस्ताव स्वीकृति प्रदान गरीदिने र आवश्यक सुझाव र प्रेरणा प्रदान गर्नु हुने पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभागका विभागीय प्रमुख सह-प्राध्यापक डा.उमानाथ बराल प्रति आभारी छु । आफ्नो अमूल्य एवम् व्यस्त समयको बाबजुद पनि आदरणीय शोध निर्देशक उप-प्राध्यापक भीमनाथ बराल ज्यूले दिनुभएको सल्लाह, सुझाव मेरा लागि अविस्मरणीय छन् र

वहाँ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोधपत्र तयार पार्न पटक पटक घच्घच्याई सहजीकरण र उत्प्रेरणा प्रदान गर्नुहुने उप-प्राध्यापक गरीधारी दाहाल ज्यू र निरन्तर शोधपत्र तयार पार्न प्रेरणा दिनुहुने दाजु दिल कुमार श्रेष्ठ र ने.क.पा एमालेका आदरणीय नेता एवम् माननीय सभासद टुकराज सिग्देल प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । प्रस्तुत शोधपत्रको मस्यौदा उपर मौखिक परीक्षामा महत्वपूर्ण सुझावहरू दिने बाह्य परीक्षक प्रा.डा. ज्ञान बहादुर कार्की एवम् भाषा शुद्धाशुद्धी गर्नुहुने आदरणीय गुरु सूर्यमोहन काफ्ले ज्यू लगायत सम्पूर्ण विशेषज्ञ ज्यूहरूप्रति हार्दिक आभार सहित धन्यवाद छ । त्यहाँबाट प्राप्त सुझावहरू समेत संलग्न गरी यो परिमार्जित प्रति प्रस्तुत गरेको छु ।

सामग्री संकलनमा सहयोग पुऱ्याउने त्रि.वि.वि केन्द्रिय पुस्तकालय काठमाण्डौं, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखरा, आदिकवि भानुभक्त क्याम्पस पुस्तकालय दमौली, एकदेव आले स्मृती तथा चिन्तन प्रतिष्ठान पुस्तकालय दमौली, आदिकवि भानुभक्त क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री महाप्रसाद हडखले, नेकपा (एमाले) केन्द्रिय कमीटी वैकल्पिक सदस्य श्री प्रतापलाल श्रेष्ठ, नेपाली काँग्रेसका निवर्तमान सभापति रघुनाथ पौडेल, नेकपा (एमाले) जिल्ला अध्यक्ष श्री केदार सिग्देल, नेपाली काँग्रेसका उप-सभापति, श्री ताराराज राना, सामाजसेवी श्री मुरली मोहन काफ्ले, महिला आन्दोलनकर्मी श्री भगवती न्यौपाने, समाजसेवी बुद्धिकुमार वतास र ताराप्रसाद श्रेष्ठ, एनेकपा (माओवादी) तनहुँका शम्भुबहादुर अधिकारी र जिल्लामा कृयाशील राजनीतिक दलका पदाधिकारी एवम् अनुसन्धान कार्यमा सहयोग पुऱ्याउने सम्पूर्ण शुभचिन्तकहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

स्नातकोत्तर तहसम्म अध्ययन गर्न प्रेरणा दिने बुवा रुद्रमान श्रेष्ठ र आमा राजकुमारी श्रेष्ठ प्रति सम्मान व्यक्त गर्दै घरायसी समस्याको वावजुद शोधपत्र तयार पार्दा अमूल्य सहयोग प्रदान गर्ने जीवन संगीनी चमेली श्रेष्ठ, बहिनी जमुना श्रेष्ठ र मित्र चिन्तामणि वास्तोला प्रति ऋणी छु ।

अन्त्यमा कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनुहुने कञ्चन कम्प्युटर सेवा तथा लोकवाणी दैनिकका कृष्ण न्यौपाने र मेरा प्रिय मित्रहरू पुष्पराज खनाल र तिलक घिमिरेलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

श्रीप्रसाद श्रेष्ठ

# विषय-सूची

**सिफारिश-पत्र**
**स्वीकृत-पत्र**
**शोधसार**
**दुई शब्द**
**तनहुँ जिल्लाको नक्सा**
**सङ्क्षेपीकरण**

| | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **परिच्छेद एक : शोधको परिचय** | | **१-११** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | शोधको प्रयोजन | ३ |
| १.३ | समस्याको कथन | ३ |
| १.४ | शोधको उद्देश्य | ५ |
| १.५ | अध्ययन विधि | ५ |
| | १.५.१ प्राथमिक स्रोत | ६ |
| | १.५.२ द्वितीय स्रोत | ६ |
| १.६ | पूर्व साहित्य समीक्षा | ६ |
| १.७ | अध्ययनको सीमा र क्षेत्र | ९ |
| १.८ | शोधको उपयोगीता | १० |
| १.९ | शोधपत्रको सङ्गठन | १० |
| **परिच्छेद : दुई सैद्धान्तिक अवधारणा** | | **११-२९** |
| २.१ | राजनीतिक दल सम्बन्धी अवधारणा | १२ |
| | २.१.१ राजनीतिक दलको उत्पत्ति र विकास | १४ |
| | २.१.२ राजनीतिक दलको प्रकार | १६ |
| | २.१.३ स्वतन्त्रता, राजनैतिक दल र लोकतन्त्र | १७ |
| २.२ | २००७ सालको क्रान्ति र नेपालमा भएका क्रान्तिहरू | २१ |
| २.३ | २०३५ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रह | २३ |
| २.४ | २०४६ को जनआन्दोलन | २४ |
| २.५ | २०६२/०६३ को जनआन्दोलन | २७ |

**परिच्छेद तीनः तनहुँ जिल्लाका राजनीतिक दलहरू र राजनैतिक सङ्घर्षहरू** **३०–६४**

३.१ तनहुँ जिल्लाको परिचय ३०

३.२ तनहुँ जिल्लाका प्रमुख राजनीतिक दलहरूको सङ्क्षिप्त परिचय ३२

३.२.१ नेपाली काँग्रेस ३३

३.२.२ ने.क.पा (एमाले) ३९

३.२.३ एनेकपा (माओवादी) ५२

३.३ तनहुँ जिल्लामा भएका राजनीतिक सङ्घर्षहरू ५७

**परिच्छेद–चार : तनहुँ जिल्लामा जनआन्दोलन** **६५–८८**

४.१ जनआन्दोलन २०६२/०६३ को पृष्ठभूमि ६५

४.२ आन्दोलनको प्रथम चरण (०६१/१०/१९ - ०६२/०९/३०) ६८

४.३ कथित नगर निर्वाचन बहिष्कार अभियान ७२

४.४ जनआन्दोलनको अन्तिम चरण र चरम उत्कर्षका १९ दिन ७५

**परिच्छेद–पाँच : जनआन्दोलनको उपलब्धिबारे सम्बन्ध पक्षहरूको अभीमत–**
**र विश्लेषण** **८९–११३**

५.१ जनआन्दोलनको उद्देश्य र प्राप्ति ८९

५.२ राजनीतिक सहभागीता ९२

५.३ जनआन्दोलनको पृष्ठभूमि र सञ्चालन ९६

५.४ राजनीतिक दलको भूमिका १०१

५.५ जनआन्दोलनको अपेक्षा १०४

५.६ जनआन्दोलनको उपलब्धि १०७

५.७ वर्तमान अवस्था ११०

**परिच्छेद–छ : निष्कर्ष** **११४– ११७**

सन्दर्भ सामग्री ११८–१२०

अनुसूची १ जनआन्दोलनमा गिरफ्तारी तथा नजरबन्दमा राखिएका व्यक्तिहरूको नामावली

अनुसूची २ बाह्र बुँदे समझदारी-पत्र

अनुसूची ३ जनआन्दोलनका फोटाहरू

अनुसूची ४ अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नाम र सङ्गठन

अनुसूची ५ २०६३ बैशाख ११ को शाही घोषणा

अनुसूची ६ जनआन्दोलन समिति तनहुँको वैठकका निर्णयहरू

# सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| इ.सं. | - | इस्वी संवत |
| एमाले | - | एकिकृत मार्क्सवादी लेनिनवादी |
| के.स. | - | केन्द्रिय समिति |
| को.के | - | कोअर्डिनेशन केन्द्र |
| चौ.म. | - | चौथो महाधिवेशन |
| डी. | - | डिट्ठा |
| ने.क.पा | - | नेपाल कम्युनष्ट पार्टी |
| ने.का. | - | नेपाली काँग्रेस |
| ने.कां. (प्र) | - | नेपाली काँग्रेस प्रजातान्त्रिक |
| प्र.म. | - | प्रधान मन्त्री |
| (मा.ले) | - | मार्क्सवादी लेनिनवादी |
| वि.पी. | - | विश्वेश्वर प्रसाद |
| वि.सं. | - | विक्रम संवत |
| सि.पि.आई. | - | कम्युनिष्ट पार्टी अफ इन्डिया |
| त्रि.वि.वि. | - | त्रिभुवन विश्व विद्यालय |

## जिल्लाको नक्शा

